**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन्। यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
दैनिक
eprateekdaily.com
राष्ट्रिय 'क' वर्ग


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ १० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 27 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ०९

## लगातारको झरीले किसानहरू खुशी

प्रस, पर्सागढी, ९ भदौ/

दुई दिनदेखिको लगातार परेको झरीका कारण किसानहरूमा खुशियाली छाएको छ भने गरीबहरूलाई भने समस्या सिर्जना भएको छ। किसानहरू अहिले निकै खुशी भएका छन्।

थरुहट क्षेत्रमा भने सिंचाइका वैकल्पिक व्यवस्था भएकाले आकाशे वर्षा नहुँदा थोरै मात्र किसानलाई अप्ठेरो परेको थियो। आकाशे सिंचाइ नहुँदा वैकल्पिक बढेर किसानहरूले समस्या बेहोर्दै आएका थिए।

अहिलेको आकाशे पानीले धानको बाला सप्रने किसानहरूले बताए। अहिले अगहनी र सोना मन्सुली धान लगाएका





धानबाली लहलहाएको दृश्य र अत्यधिक वर्षाले गरीबको फुसको घर क्षतिग्रस्त भएको अवस्था। तस्वीरः प्रतीक

अहिलेको वर्षाका कारण किसानले लगाएका धानबालीलाई निकै फाइदा पुगेको छ। रोपाइँको समयमा पानी नपर्दा किसानहरूले निकै कठिनाइ भोग्नुपरेको थियो। आकाशे वर्षा नभएको, गण्डक नहरमा पानी नआएको तथा सिंचाइका अन्य विकल्पका रूपमा डीप बोरिङ र कुलो आदिबाट वञ्चित बझियानका सिंचाइ जति गरे पनि धानबाली सप्रँदैन तर अहिले झरीका कारण धानबालीलाई निकै फाइदा पुगेको किसानहरूले बताएका छन्। सिंचाइ अभावमा किसानहरूले जेनतेन रोपाइँ गरे पनि विभिन्न रोगका कारण उनीहरूले समस्या भोग्नुपरेको थियो। गाज सुक्ने, धानको डाठ नबढ्ने, ब्लास्ट रोग लाग्ने र कीराको प्रकोप किसानहरूलाई निकै फाइदा पुगेको बताइन्छ। पर्सा जिल्लामा सोना मन्सुली धानको खेती बढी हुने गरेको छ।

किसानलाई झरीले फाइदा पुगे पनि गरीबहरूको भने समस्या बढेको छ। फुस र खपडाका घर हुनेहरूलाई खासगरी समस्या भएको बताइन्छ। झरीका कारण फुसको छानो चुहिने, टाठीहरू भासिएर झर्ने, खपडाको घर भएकाहरूको पनि टाठीहरू मक्किने गरेको छ। पर्सागढीका दलित परिवारहरूको अहिले झरीका कारण बिजोग बढेको छ। फुसको घर भएकाहरू अहिले जङ्गली क्षेत्रबाट जनावरहरू आएर क्षति पुऱ्याउने हो कि भनेर डराएका छन्। दलित परिवारहरू दैनिक ज्याला मजदूरी गरेर जीविकोपार्जन गर्छन्। झरीले घरको बिजोग छ, कसरी कमाउन जाने र के खाने भन्ने समस्याले आफूहरूलाई पिरोलेको पर्सागढी नपा–३ दलितबस्तीका बासिन्दाहरू बताउँछन्।

## आइफ्लूका बिरामीहरू घट्दै

प्रस, बिरुवागुठी, ९ भदौ/

असार महीनादेखि शुरू भएको आँखा पाक्ने रोग आइफ्लूको सङ्क्रमणमा




बालिकाको आँखा चेकजाँच गर्दै नेत्र विशेषज्ञ। तस्वीरः प्रतीक

अहिले केही कमी आएको छ।

पर्सागढी नगरपालिकालगायत पर्साका ग्रामीण भेगमा बढी सङ्ख्यामा बालबालिका देखा परेका र प्रत्येक उमेर समूहका मानिसहरूको पनि आँखा पाक्ने समस्या थियो। आइफ्लू सङ्क्रमणको विस्तारमा अहिले भने केही कमी आएको नेत्र विशेषज्ञहरू बताउँछन्। मौसममा आएको परिवर्तनका कारण आइफ्लूका बिरामीहरूको सङ्ख्यामा कमी आएको उनीहरूको भनाइ छ। अहिले नियमितरूपमा पानी पर्दा यो रोगको सङ्क्रमण घट्दै गएको पनि उनीहरूले बताए।

बडनिहार आँखा तथा दन्त अस्पताल प्रालिका नेत्ररोग विशेषज्ञ दीपक यादवले चार/पाँच दिनदेखि आइफ्लूका सङ्क्रमितहरू घटेको बताए। उनले पहिलेको तुलनामा अहिले बिरामीहरूको क्लिनिकमा कम आउने गरेको बताए। यसअघि आइफ्लूका बिरामीहरूका कारण क्लिनिकमा भीड हुने गरेको तर अहिले भने भीड पातलिँदै गएको यादवले बताए। बढ्दो गर्मीका कारण यो वर्ष आइफ्लूका बिरामीको सङ्ख्या वृद्धि भएको र अहिले वर्षा शुरू भएसँगै बिरामीको सङ्ख्या घटेको उनले बताए।

उनले आइफ्लूका लक्षणहरूमा आँखा चिलाउने, रातो हुने, पानी बग्ने, घाममा हेर्न असजिलो हुने जस्ता लक्षणहरू देखा पर्ने र यस्ता बिरामीहरूले चिकित्सकीय परामर्शमा मात्र औषधोपचार गर्नुपर्ने यादवले सुझाए।

उनले तत्काल यो रोगमा कमी आए पनि सावधानी अपनाउन भने आग्रह गरे।

## नेवारी भाषा, संस्कृतिलाई जोगाउन एकजुट हुनुपर्छ –सांसद श्रेष्ठ

प्रस, निजगढ, ९ भदौ/



मन्तव्य व्यक्त गर्दै सांसद श्रेष्ठ, नृत्य प्रस्तुत गर्दै बालबालिका, लाखे नाच प्रस्तुत गर्दै, उद्घाटन गर्दै सांसद श्रेष्ठ। तस्वीरः प्रतीक

नेवारी भाषा, संस्कृति, सभ्यतालाई जोगाउन विभिन्न भूगोल, क्षेत्र, स्थानमा छरिएर बसेका नेवार समुदायहरू एकजुट हुनुपर्ने बाराका सांसद कृष्णकुमार श्रेष्ठ (किसान)ले बताएका छन्।

निजगढमा शनिवार आयोजित नेवाः देय् दबूको दोस्रो बारा जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले कुनै समय नेवारी समुदाय नेपालमा व्यापारको क्षेत्रमा अग्रपङ्क्तिमा रहे पनि अहिले निकै कम हुँदै गएको बताए। आफ्नो पनि व्यापार, उद्योग, कलकारखाना रहेको बताउँदै उनले इतिहासको कुनै कालखण्डमा नेवारले नेपाललाई ऋण मोचन गरेको इतिहास रहेको दाबी गरे। सबैले आफूले जानेका, चाहेका व्यापार, उद्योग, कलकारखानालगायतका अन्य पेशामा अघि बढ्दै भाषा, कला, संस्कृति, सभ्यतालाई जोगाइराख्नुपर्ने र त्यसका लागि सबै नेवार एकजुट भएर अघि बढ्नुपर्ने बताए। नेपाल बहुजातीय, बहुभाषिक, बहुकला, बहुसंस्कृति,

(बाँकी अन्तिम पातामा)

## जिल्ला प्रशासन कार्यालयमा वृक्षारोपण

प्रस, वीरगंज, ९ भदौ/

ग्रीनसिटी सामुदायिक सेवा केन्द्रको आयोजनामा शनिवार जिल्ला प्रशासन कार्यालय, पर्सामा वृक्षारोपण गरिएको छ।

जिप्रका पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले वृक्षारोपण गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए। ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा म्याङ्गोस्टीक ५० थान र कलकी ३० थान गरी ८० थान बिरुवा रोपिएको थियो।

कार्यक्रममा सप्रजिअ भीमकान्त पौडेल, शिवप्रसाद लम्साल, प्रहरी नायब उपरीक्षक दीपक गिरी, डा अजितकुमार साह, किरण अग्रवाल, त्रिलोचन दारुका, रतन टेमानी, महेश सिंह धामीलगायतको सहभागिता थियो।



## नेमसङ्घ रौतहटमा समानान्तर कमिटी

प्रस, वीरगंज, ९ भदौ/

नेपाली काङ्ग्रेसको भ्रातृ सङ्गठन नेपाल महिला सङ्घ रौतहट जिल्ला कमिटीमा विवाद देखिएको छ।

नेमसङ्घ केन्द्रीय कमिटीले रौतहट शाखाको सभापतिमा अञ्जु झालाई जिम्मेवारी तोकेको थियो। तर सोको विरुद्ध त्यहाँ डा शेखर कोइराला समूहले भवानी गिरीलाई समानान्तर कमिटीको सभापति तोकेपछि विवाद देखिएको हो।

नेमसङ्घ केन्द्रीय कमिटीले मधेस प्रदेशका चारवटा जिल्लामा सभापतिको पद रिक्त रहेपछि सभापतिको जिम्मेवारी तोकेको थियो। तर कोइराला पक्षले भने चार जिल्लामा सभापतिको जिम्मेवारी दिंदा भेदभाव गरिएको भनेर विरोध गर्दै समानान्तर कमिटी गठन प्रक्रिया शुरू गरेको बुझिन आएको छ।

यसै क्रममा गिरीलाई रौतहटको जिम्मेवारी तोकिएको हो। नेमसङ्घकी केन्द्रीय अध्यक्ष उषा राउत मिश्रले यसअघि चारवटा जिल्लाका रिक्त सभापतिको जिम्मेवारी तोकेकी थिइन्।

**निजगढ नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा, मधेस प्रदेश (नेपाल)

**निजगढ नगरपालिका क्षेत्रभित्र अवस्थित खोलाबाट दिगोरूपमा ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन एवं सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सुनवाइको सूचना**

(प्रकाशित मिति– २०८०/०५/१०)

मधेस प्रदेश, बारा जिल्ला, निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बारा |
| प्रस्तावकको बेहोराः | मधेस प्रदेश, बारा जिल्ला, निजगढ नगरपालिका क्षेत्रभित्र अवस्थित खोला (बकैया, धनसार र बगर, लाल/भक्तलाल र शक्ति)बाट दिगो र वातावरणमैत्री दृष्टिकोणले नदीको किनारका सामग्रीहरू (बालुवा, गिट्टी, ढुङ्गा) उत्खनन एवं सङ्कलन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/नपा/गापाः | निजगढ नगरपालिका |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्छ भनी यकीन गर्न सो स्थानका प्रभावित स्थानीय समुदाय, वन उपभोक्ता समूह, स्थानीय तहका प्रतिनिधि तथा सरोकारवाला व्यक्ति तथा संस्थालाई सहभागी गराइ रायसुझाव सङ्कलन आवश्यक भएकोले यो सार्वजनिक सुनवाइको सूचना प्रकाशन गरिएको हो।

**तपसिल :**

| स्थान | समय |
|---|---|
| १) बकैया खोला | २०८०/०५/११ गते बिहान ७ बजे निजगढ नपा वडा नं ४ वडा कार्यालय भवन कछडियाटोल। |
| २) धनसर र बगर खोला, वडा नं १, २, ३ | २०८०/०५/११ गते मध्याह्न १२ बजे निजगढ नपा वडा नं १ वडा कार्यालय भवन |
| ३) लाल/भक्तलाल र शक्ति खोला, वडा नं १०, १२, १३ | २०८०/०५/११ गते दिउँसो ३ बजे निजगढ नपा वडा नं १० वडा कार्यालय भवन |
| प्रस्तावकको नाम र ठेगानाः | निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, निजगढ, बारा, फोन नं : ०५३–५४०२०० इमेल : nijgadhmun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | पपुलर इन्भारोमेन्टल सर्भिस नेपाल, शान्तिनगर, काठमाडौं, फोन नं : ०१–५२६०९८२ इमेल : pesnepal2017@gmail.com |

## विचारसार र सूक्तिहरू

**जसको बुद्धि पवित्र हुन्छ, ऊद्वारा गरिएको मनोरथ कहिल्यै व्यर्थ जाँदैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# अर्थतन्त्रको आवरण र अन्तर्यको विरोधाभास

नेपालको अर्थतन्त्रको अवस्था दर्शाउने केही तथ्याङ्क हेरौं– आयको मुख्य स्रोत भनेको वैदेशिक रोजगारमा गएका कामदारले पठाएको विप्रेषण हो । गत आर्थिक वर्ष २०७९/८० मा करीब सवा १२ खर्ब रुपैयाँ यस्तो रकम भित्रिएको छ। यो अघिल्लो वर्षको तुलनामा दुई खर्ब रुपैयाँ बढी हो । यस्तो आयको अधिकांश रकम उपभोगमा सकिएको छ, बचत वा उत्पादनमा लगाउन सकिएको छैन ।

आयातमा आधारित आपूर्ति र यसैमा टिकेको राजस्वको स्रोतबीच त्यो अवधिमा १६ खर्ब रुपैयाँ बराबरको वस्तु आयात भएको छ। निर्यातको डालो भने एक खर्ब ५७ अर्ब रुपैयाँको देखिन्छ । वैदेशिक रोजगारबाट आएको अधिकांश रकम यही आयात धान्न तिनै देशमा फर्किने गरेको छ । व्यापारघाटा साढे १४ खर्ब रुपैयाँको देखिन्छ । नेपालले विश्वका १७० भन्दा धेरै देशसँग व्यापार गर्दै आएको छ । तीमध्ये ३७ देशसँगको व्यापार मात्रै नाफामा छ ।

विश्व बैंकका अनुसार नेपालको निर्यात क्षमता वार्षिक १० अर्ब अमेरिकी डलर बराबरको छ । तर यसको १० प्रतिशत पनि बल्लतल्ल उपयोग भइरहेको छ । त्यो पनि वास्तविक निर्यात छैन । भारतीय कर नीतिको छिद्रबाट छिरेर अवसर उपयोगमा आधारित निकासीलाई निकासी मान्न सकिन्न । यसले अर्थतन्त्रलाई दीर्घरोगी बनाउने दिशातर्फ धकेलिरहेको छ ।

बितेको वर्ष अध्ययनका लागि देशबाट एक खर्ब रुपैयाँ बाहिरिएको छ भने चार अर्ब रुपैयाँ भित्रिएको नेपाल राष्ट्र बैंकको तथ्याङ्कले देखाएको छ । बितेको तीन वर्षको तथ्याङ्क हेर्ने हो भने अध्ययनका लागि बाहिरिने रकम प्रतिवर्ष शतप्रतिशतले बढेको छ। सरकार यस्तो रकममा कर लगाएर आर्जन गर्न उद्यत छ, तर स्वदेशमैं अध्ययनको पूर्वाधार र अवसर सिर्जना गर्नेतर्फ उदासीन छ । यसरी बाहिरिने विद्यार्थीमध्ये अधिकांश विदेशमैं बस्छन् । स्वदेशमा बस्ने भनेको त बाहिर जाने क्षमता नभएका मात्र हुन् भन्ने खालको भाष्य निर्माण भइराखेको छ । यसले हाम्रो समाजलाई कतातिर डोर्‍याइराखेको छ ? यो चिन्ता मात्र होइन, गम्भीर चिन्तनको विषय हो ।

आयको अर्को माध्यम हो, पर्यटन । यसमा आउने र बाहिरिने रकम करीब बराबरजस्तै छ । आठ लाख ६२ हजार विदेशी पर्यटकबाट नेपालले ६१ अर्ब रुपैयाँ कमाउँदा नेपालीले विदेशमा गएर ४४ अर्ब रुपैयाँ सिध्याएका छन् ।

समयान्तर



ओमप्रकाश खनाल

omkhanal@gmail.com

**बितेको वर्ष आयात घटेको तथ्याङ्कलाई सरकारले उपलब्धिको रूपमा प्रचार गरेको छ । आयात किन र कस्ता वस्तुको घट्यो भन्ने कुरा मुख्य हो । देशमैं उत्पादन बढेर आयात घटेको हो भने त्यो सकारात्मक हुन्छ । हामीकहाँ त औद्योगिक कच्चा पदार्थको आयात घट्नुलाई उपलब्धिको रूपमा व्याख्या गरिन्छ, यो आत्मरति मात्रै हो ।**

राष्ट्र बैंकको अनुसार दुई खर्ब ९० अर्ब रुपैयाँको शोधनान्तर बचत देखिएको छ। २०८० को असार मसान्तमा विदेशी मुद्राको सञ्चित १५ खर्ब ३९ अर्ब रुपैयाँ बराबर छ। यो भनेको नेपालको लागि १० महीनाको आयात धान्न पुग्ने रकम हो। यो सञ्चिति बढ्नुमा सरकारले गत वर्ष लगाएको आयात प्रतिबन्ध र चालू पूँजी कर्जा मार्गदर्शनका माध्यमबाट लगानीमा गरेको कडाइको कारण हो। यसले कर्जा प्रवाहमा प्रत्यक्ष प्रभाव पारेको छ । २०८० को असार मसान्तसम्म देशभरिका बैंक तथा वित्तीय संस्थामा निक्षेप ५७ खर्ब ७० अर्ब रुपैयाँ हुँदा कर्जा प्रवाह ४८ खर्ब रुपैयाँमा सीमित छ । कर्जा विस्तार तीन प्रतिशत मात्र छ । यसबाट रोजगार, उत्पादन, पूँजी निर्माण र सरकारी राजस्वमा प्रतिकूल प्रभाव पारेको छ ।

सञ्चितिले छ महीनाको आयात पनि धान्न नसक्ने देखेपछि अत्तालिएको सरकारले आयातमा प्रतिबन्ध त लगायो, तर आयात प्रतिस्थानको कामलाई अहिले पनि प्राथमिकतामा राखेको छैन। कोरोना महामारीले आय र माग घटेपछि बजार शिथिल मात्र होइन, मन्दीमा प्रवेश गरिसकेको छ। बजारमा सुधार नआएको त व्यापारमा लगाएका सबै खालका नियन्त्रण हटाए पनि माग नबढ्नुले प्रमाणित गरिरहेकै छ। विप्रेषणको आय बढ्ने, तर उत्पादन र लगानी खुम्चिंदा सञ्चिति बढ्ने नै भयो । बजारले लय समात्नेबित्तिकै सञ्चितिको आत्मरति धर्मराउनेमा आशङ्का आवश्यक परेन ।

उपभोक्ता मूल्यवृद्धि अपेक्षाकृत सीमाभित्र छैन । बितेको वर्ष सात प्रतिशतमा राख्ने भनिएको मूल्यवृद्धि सात दशमलव ७४ प्रतिशत पुग्यो । यो सोलोडोलो निकालिएको औसत मूल्यवृद्धि मात्रै हो । दैनिक उपभोग्य वस्तुमा अचाक्ली मूल्य बढेको छ। खाद्य पदार्थको मूल्यवृद्धि १० प्रतिशतभन्दा धेरै छ। कति वस्तुमा १५–२० प्रतिशतसम्म मूल्य बढेको पाइएको छ ।

गत वर्षको वित्तीय घाटा अर्थात् सरकारले सङ्कलन गरेको राजस्व र खर्चको असन्तुलन चार खर्ब ८६ अर्ब रुपैयाँ छ। सरकारले नौ खर्ब ५७ अर्ब रुपैयाँ राजस्व उठाएर खर्च १४ खर्ब रुपैयाँ गरेको थियो। सरकारले घाटाको बजेट ल्याउने अभ्यास नै बसेको छ। यस वर्ष पनि सरकारले लक्ष्यमा राखेको राजस्व उठ्यो भने कम्तीमा चार खर्ब रुपैयाँ ऋण लिनुपर्ने अवस्था छ। तर राजस्व सोचे जसरी उठ्ने सङ्केत यो वर्ष पनि देखा परेको छैन ।

सरकार कर्मचारीलाई तलब खुवाउन ऋण काढ्ने अवस्थामा छ। सङ्घीयतामा बढ्दो प्रशासनिक खर्च र घट्दो आयले सार्वजनिक ऋण बढेको बढ्यै छ। कुल ऋण रकम २२ खर्ब १८ अर्ब रुपैयाँ नाघेको छ । ऋणको यो आकार कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ४५ प्रतिशत हो । यसमा १० खर्ब ९३ अर्ब रुपैयाँ वैदेशिक र ११ खर्ब २५ अर्ब आन्तरिक ऋण छ । विकासशील अर्थतन्त्रका लागि जिडिपीको तुलनामा ऋणको यो आकार ठूलो होइन । तर यस्तो ऋणको उपयोग कसरी भइराखेको छ भन्ने कुराले अर्थ राख्छ । विदेशी ऋणमा बनेका योजनाबाट करोडौं रुपैयाँ कमिशन खाने राजनीतिक प्रवृत्तिका अगाडि यसरी लिएको ऋणले देश र जनताको भलो गर्छ भन्नेमा ढुक्क हुने भरपर्दो आधार फेला पार्न सकिएको छैन। अनुदान र ऋणमा समेत र्‍याल चुहाउने परिपाटीले यो प्रकारान्तरले जनतामाथि ऋणको भारी बनेको अवस्था छ ।

तथ्याङ्क र तथ्यबीचको अन्तरविरोध हेर्दा सुधारका तथ्याङ्क बनावटी लाग्छन्। सरकारका तथ्याङ्कले व्याख्या सकारात्मक सुनिएको छ, तर बजारमा त्यसको प्रतिविम्ब देखा परेको छैन। यसको सोझो अर्थ कोरोना महामारीले बिथोलिएको अर्थतन्त्र लयमा फर्किएको छैन भन्ने नै हो । नियन्त्रण, प्रतिबन्ध, आय र माग खुम्चिएर देखिएको सञ्चिति सुधारलाई वास्तविक सुधार मान्न सकिन्न । चालू आर्थिक वर्ष २०८०/८१ को पहिलो महीनाको व्यापारले पनि अर्थतन्त्रले बाटो समात्न नसकेको देखाउँछ। बाह्य क्षेत्रको सुधार रणनीतिक प्रयत्नको परिणाम भएको भए सकारात्मक मान्न सकिन्थ्यो।

बितेको वर्ष आयात घटेको तथ्याङ्कलाई सरकारले उपलब्धिको रूपमा प्रचार गरेको छ। आयात किन र कस्ता वस्तुको घट्यो भन्ने कुरा मुख्य हो । देशमैं उत्पादन बढेर आयात घटेको हो भने त्यो सकारात्मक हुन्छ। हामीकहाँ त औद्योगिक कच्चा पदार्थको आयात घट्नुलाई उपलब्धिको रूपमा व्याख्या गरिन्छ, यो आत्मरति मात्रै हो । आन्तरिक अर्थतन्त्रका कमजोरीलाई स्वीकार नगर्नु कमजोरी मात्र होइन, यसले अर्थतन्त्रलाई दुर्घटना उन्मुख बनाएको छ।

# मानवताको स्वर्णिम भविष्यको मार्ग

वेदमा, पुराणमा, श्रुति–स्मृतिहरूमा, उपनिषद् र धर्मशास्त्रहरूमा एउटा चिन्ता सार्वभौमरूपमा विद्यमान पाइन्छ कि प्रत्येक आध्यात्मिक ग्रन्थले मनुष्यलाई यस सृष्टिमा ईश्वरको, परमात्माको वरिष्ठतम प्रतिनिधि घोषित गर्दछ। प्रत्येक आस्थाको मार्गमा यो सिद्धान्त कहीं गहिरोमा सन्निहित छ कि मानिस, परमात्माको यस सुरम्य उद्यानमा उनको एउटा विशिष्ट प्रतिनिधिको रूपमा उपस्थित छ। शब्द फरक हुन सक्छ, भावाभिव्यक्तिको माध्यम फरक हुन सक्छ, तर सिद्धान्त अविच्छिन्नरूपमा एउटै छ कि यस संसारमा जुन स्थान, जुन तागत, जुन हैसियत र जुन क्षमता मानिसलाई प्राप्त छ त्यो अन्य प्राणीको भाग्यमा छैन ।

अनेक प्रमाण पनि यस सिद्धान्तको पक्षमा फेला पर्छ। वैज्ञानिक दृष्टिकोणले मानिस सर्वोत्कृष्ट शरीर, क्रेनियल केविटी, चिन्तन–मनन, भावनाहरूको क्षमतादेखि आविष्कार–अनुसन्धान–अन्वेषणको प्रतिभाको धनी छ। आस्थाको दृष्टिले श्रद्धा–निष्ठा–समर्पणजस्ता गुणदेखि ज्ञान, विज्ञान, योग, तप, सङ्गीत, साहित्यजस्ता सम्भावनाहरू मानिससँग मात्र उपलब्ध छ। समाधि, निर्वाण एवं कैवल्य पनि मानिसलाई नै प्राप्त छ ।

यसो भन्नुको सार यति मात्र हो कि सम्भावना मानिससँग छ–त्यो अन्य प्राणीलाई उपलब्ध छैन, यस्तो विश्वासका साथ भन्न सकिन्छ । यस परिप्रेक्ष्यमा यदि आजको मानिसको जीवन हेर्ने हो भने प्रश्न उठ्छ कि ईश्वरको वरिष्ठतम राजकुमारको जीवन जुन आनन्द, उल्लास, प्रसन्नताले सिक्त हुनुपर्ने हो, त्यो मानिस किन समस्याहरूले यति घेरिएको, हैरान, परेशान, दुःखी र चिन्तित देखिन्छ ।

यो जिज्ञासा उठ्नु स्वाभाविक हो कि जुन राजकुमारको जीवन शान्तिले, प्रेमले भरिपूर्ण हुनुपर्ने थियो, उसको जीवनमा समस्या र परेशानीको यत्रो थुप्रो लागेको किन देखिन्छ ? आज यदि मानिसको जीवनको मूल्याङ्कन गर्‍यौं भने यो देखेर दुःखद आश्चर्य हुन्छ कि मानिसको शरीर जीर्ण–शीर्ण भइसकेको छ ।

बिमारी, व्याधिहरूले प्रचुरताले मानिसको शरीरमा हमला गरिदिएका छन् । मानिसले रोटी त दुईटा मात्र खान्छ तर चक्की बीसवटा खानुपर्छ । वर्तमान समयमा त सर्दी, रूघा, खोकीले पनि यति भयावह रूप लिन्छ कि मानिस कब मृत्युको मुखमा विलीन हुन्छ भन्न सकिंदैन । यसका साथ अरू पनि दुर्भाग्यपूर्ण घटनाक्रम छ, त्यो के भने जो शारीरिक कष्टबाट प्रताडित छैन, ऊ मनमा पर्याप्त तनाव लिएर बसेको छ ।

वर्तमान समयमा तनाव एवं दुश्चिन्ताको प्रकोप मानिसमाथि यसरी फिंजिएको छ कि १० किसिमका औषधिका गोली खाएर पनि गहिरो निद्रा सुत्न सक्दैन । मानिसको अनुहारबाट हाँसो, मुस्कान बिदा भइसके जस्तो छ। परिवारमा कलहको वातावरण छ । समाज विघटनकारी तत्त्वबाट खेलाइएको छ । परिणाम के भएको छ भने जीवन एउटा भारीमा परिणत भएको छ। जुन मानिसको जीवनलाई शास्त्रले देवदुर्लभ भन्दथे– त्यसको मूल्य यतिमात्र भएको छ कि परीक्षामा कम अङ्क प्राप्त हुनु,

**व्यक्ति यदि प्राणवान हुन्छ, तेजस्वी हुन्छ, मनस्वी हुन्छ, जीवटधारी हुन्छ, आत्मबल भएको हुन्छ भने आकाश हल्लाउने सामर्थ्य उसमा आउँछ । आँधी–बेरीको दिशा बदलिदिने ताकत उसका साथ हुन्छ । यस्ता व्यक्तित्वका साथ ऊर्जा हुन्छ, उसका आँखामा तेज हुन्छ, वाणीमा ओज हुन्छ ।**

घरमा लडाइँ–झगडा हुनुजस्ता घटनाले पनि मानिसलाई आत्महत्याजस्तो दुर्भाग्यपूर्ण अन्ततर्फ धकेलिरहेको छ ।

जब चारैतिर व्याप्त यस वास्तविकताबाट आमुन्नेसामुन्ने हुन्छौं, अनि प्रश्न उठ्छ के जीवन यसै भारीको नाम हो । यदि यही जीवनको सार हो भने यसका लागि देवता, ऋषि–मुनि छटपटिने किन गर्दछन् ? यस मनुष्य योनिको मूल तत्त्वको प्रशंसामा शास्त्रहरूमा पानाको चाङ लागेको पाइन्छ। यस्तोमा प्रश्न उठ्छ, गलती उनीहरूसँग भयो कि हामीले गरिरहेका छौं ?

यदि हामी यस प्रश्नको उत्तर प्राप्त गर्न चाहन्छौं भने हामीले आरामले चिन्तन गर्नुपर्ने आवश्यकता देखिन्छ। यो जान्नका लागि कि हाम्रो जीवन सुख र शान्तिको स्थानमा अशान्ति तथा उद्विग्नताको वासस्थल कसरी र किन बन्न पुग्यो– हामीले पहिले आफैंसँग सोध्ने आवश्यकता छ कि के हामी जीवनमा सुख–शान्तिको पछि दगुछौं कि अशान्तिका पछाडि ?

ध्यानले हेर्‍यौं भने अनुभव गर्न सकिन्छ कि हाम्रो कुदाइ त अशान्तिकै पछि छ। आज जीवनमा सुखको प्राप्तिको मूल्याङ्कन मानिस सफलतासँग गर्दछ र सफलताको मूल्याङ्कन प्रतिद्वन्द्वितासँग । घर मात्र बनेर जीवनको दौड समाप्त हुँदैन, घर अरूको भन्दा ठूलो र राम्रो पनि हुनुपर्छ । यस्तोमा हाम्रो भागमा अशान्तिबाहेक के आउला त ? यसका साथै हामीले यो पनि सोच्ने आवश्यकता छ कि यदि यस्तो भयो भने पनि के यो हाम्रो वास्तविक सम्पत्ति हो र ? हाम्रो असल सम्पत्ति त त्यो हो, जुन हामीले भगवान्सँग लिएर आएका थियौं। यसका एकएक चीज बेशकीमती छन् ।

मानिस टिभी, मोबाइल फोनलाई कीमती मान्दछ, यदि त्यो फोन हेर्ने आँखा बिग्र्यो भने ? आँखाले यदि केही पलका लागि पनि देख्न सकेन भने मानिसले सारा कीमत क्षणभरमा थाहा पाउँछ । दुर्भाग्य यो छ कि यस शरीरको उपयोग तथा उपभोग मानिसले यति नादानीका साथ गर्दछ कि ऊ यो बिर्सन्छ यसको परिणाम के निस्कने छ। जे मन लाग्छ खानु, जसरी मन लाग्छ त्यसरी बाँच्नु– यही शरीरको दुर्दशाको कारण हो। यस शरीरको जब पछि दुर्दशा हुन्छ, अनि मानिसले बुझ्छ कि यस शरीरको त एकएक सास कीमती थियो । यसको कीमत तब मानिसलाई समझमा आउँछ जब अन्तिम सास निस्कने बेला हुन्छ ।

त्यति बेला मानिस रुन्छ पनि र अज्ञात शक्तिसँग प्रार्थना पनि गर्छ कि आहा ! केही अरू दिनको जिन्दगी पाइन्थ्यो, तर त्यस्तो कहाँ हुन्छ ? त्यस बेला मानिस एकएक सासका लागि लाखौं–करोडौं रुपियाँ दिन तयार हुन्छ। चिन्तन गर्नुपर्ने कुरा के हो भने मानिसले जीवनको कीमत व्यर्थ र निरर्थक वस्तुमा खोज्दछ, तर त्यसलाई बिर्सन्छ, जसका कारण यस शरीरको वास्तविक मूल्य र महत्त्व छ। मानिसले बिर्सन्छ कि हाम्रो वास्तविक मूल्य के आधारमा निर्धारित हुन्छ । न मानिस प्राण–ऊर्जा बढाउने प्रयत्न गर्दछ र जीवनीशक्ति बढाउने नै।

एउटा हाम्रो आन्तरिक सम्पदा छ भने दोस्रो बाह्य सम्पत्ति। व्यक्ति यदि प्राणवान हुन्छ, तेजस्वी हुन्छ, मनस्वी हुन्छ, जीवटधारी हुन्छ, आत्मबल भएको हुन्छ भने आकाश हल्लाउने सामर्थ्य उसमा आउँछ। आँधी–बेरीको दिशा बदलिदिने ताकत उसका साथ हुन्छ । यस्ता व्यक्तित्वका साथ फेरि ऊर्जा हुन्छ, उसका आँखामा तेज हुन्छ, वाणीमा ओज हुन्छ र चिन्तनमा मनस् हुन्छ ।

यस्ता व्यक्तित्व नै मानवीय जीवनको रूपमा प्राप्त सौभाग्यका साथ न्याय गर्दछन्। शरीरको शक्तिको आधार अन्न हो र व्यक्ति संयम, समझदारीले भोजन गर्नुको साटो जे मन लाग्छ त्यही खान्छ। मनको शक्ति ज्ञानबाट आउँछ र मानिस त्यसलाई दुर्भाव, दुर्विचार एवं दुश्चिन्ताले भर्दै गएको देखिन्छ । यस्तोमा यदि परिणाम, छरपस्ट मन र थाकेको रोगी तनका रूपमा देखापर्छ भने आश्चर्य किन मान्ने ? सत्य के हो भने बिमारी बाहिरबाट आउँदैन अपितु यो मानिसको विकृत जीवनशैली एवं चिन्तनशैलीको परिणाम हो ।

यदि शरीरलाई संयमित, अनुशासित राख्दै स्वस्थ राख्न सकियो, उपासना, साधना, आराधनाको अनुशीलन गर्दै, चिन्तन–मननलाई साक्षी बनाउँदै मनलाई स्वच्छ राख्न सकिन्छ र लोक–कल्याण, सेवा इत्यादिलाई आधार बनाएर समाजलाई सभ्य राख्न सकियो भने निश्चितरूपमा मानवताको सुनौलो सौभाग्यका मार्ग हामी प्रशस्त गर्न सक्छौं। यसै सूत्र–सन्देशलाई जनजनसम्म पुर्‍याउने माग गर्दा वर्तमान समय आएको छ ।

# द्वन्द्वको शान्तिमा रूपान्तरणका अभ्यास

समाज द्वन्द्वबाटै निर्माण भएको हुन्छ। विनाद्वन्द्वको समाजको परिकल्पना साम्यवादमा मात्रै सम्भव हुन्छ । व्यक्तिभित्र पनि द्वन्द्व हुन्छ। परिवारमा पनि द्वन्द्व हुन्छ, समाजमा पनि द्वन्द्व हुन्छ र राष्ट्रमा पनि । राज्यभित्र पनि द्वन्द्व हुन्छ, अन्तरराज्य पनि द्वन्द्व हुन्छ । सबै द्वन्द्वका कारण हुन्छ र समाधान पनि । द्वन्द्वको रोकथाम पनि हुन्छ र व्यवस्थापन पनि हुन्छ । तर द्वन्द्व अन्त भने हुँदैन । द्वन्द्वको रूप परिवर्तन गर्न सकिन्छ। त्यसो भनेर फेरि द्वन्द्वका पक्षमा वकालत गर्न खोजिएको भने होइन । यहाँ द्वन्द्वलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुराको चर्चा गर्न मात्रै खोजिएको हो ।

द्वन्द्व सुषुप्त र क्रियाशील हुन्छ, द्वन्द्व देखिने र अदृश्य हुन्छ, द्वन्द्व शान्तिपूर्ण र हिंसात्मक हुन्छ । जसरी द्वन्द्वको रूप फरकफरक छन्, त्यसैगरी यसको व्यवस्थापनको विधि पनि फरकफरक हुन सक्छन्, समाधानको प्रक्रिया पनि फरकफरक हुन सक्छन्। जबसम्म द्वन्द्वको व्यवस्थापन सही ढङ्गले हुँदैन, तबसम्म द्वन्द्व पुरानै रूपमा आउन सक्छ। द्वन्द्वको व्यवस्थापन हुनु भनेको द्वन्द्वलाई पूर्णरूपमा शान्तिमा फेर्नु हो । जबसम्म द्वन्द्व पूर्णरूपमा शान्तिमा फेरिंदैन, तबसम्म शान्ति प्रक्रिया जारी रहन्छ । शान्ति प्रक्रिया त्यति बेला पूर्णरूपमा सम्पन्न हुन्छ, जतिबेला द्वन्द्वका सबै विशेषता अन्त्य हुन्छन्। सुषुप्त द्वन्द्व सतहमा नआउन्जेल त्यो त्यतिधेरै हानिकारक र क्षतिदायक, पीडादायक हुँदैन । अदृश्य द्वन्द्व सतहमा नदेखिए पनि असरदायी हुन सक्छ भने सतहमा प्रकट भएपछिको द्वन्द्व असरदार पनि हुन्छ र समाधान गर्न सहज पनि हुन्छ। जुनसुकै प्रकारका द्वन्द्वलाई पनि शान्तिपूर्ण माध्यमबाट समाधान गर्नु उचित हुन्छ ।

विचार



सन्तोष पौडेल

**पीडितहरूलाई समाजमा तिरस्कार होइन, सम्मान र हौसला प्रदान गर्न सक्नुपर्छ । समाज सबैको हो, समाज सबैका लागि हो भन्ने मान्यताको विकास गरेर मात्रै सबै प्रकारका द्वन्द्वलाई पूर्णरूपमा शान्तिमा रूपान्तरण गर्न सकिन्छ ।**

हिंसाका माध्यमद्वारा समाधान गरिएको द्वन्द्व सुषुप्त अवस्थामा जाने र त्यसले फेरि हिंसाकै रूपमा प्रकट हुने खतरा रहन्छ । त्यसैले शान्तिपूर्ण वा हिंसात्मक जस्तोसुकै द्वन्द्वलाई पनि शान्तिपूर्ण वार्ताका माध्यमबाट समाधान गर्न सकेमा भविष्यमा पुनःद्वन्द्व त्यसै खालका द्वन्द्वको जन्म हुन पाउँदैन। द्वन्द्व पूर्णरूपमा शान्तिमा फेरिएको आभास त्यति बेला मात्रै हुन्छ, जतिबेला द्वन्द्वरत पक्षहरू पूर्णरूपमा मिलापमा आउँछन् र द्वन्द्वपीडितहरूको उचित व्यवस्थापन हुन्छ।

नेपाल यतिबेला दशक लामो सशस्त्र

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# भूमध्यसागरबाट सयौं आप्रवासीको उद्धार

मार्सेली, ९ भदौ/एएफपी

फ्रान्सको एक गैरसरकारी संस्थाले भूमध्यसागरमा सङ्कटले घेरिएका ४३८ जना आप्रवासीको ज्यान बचाएको छ। उक्त संस्थाले उद्धार जहाज ओशन वाइकिङमार्फत बितेका दुई दिनमा ती आप्रवासीलाई उद्धार गरेको हो।


भूमध्यसागरमा आप्रवासीको उद्धार गर्दै उद्धारकर्मी। तस्वीरः एजेन्सी

उद्धारक संस्था एसओएस मेडिटरेनीले लिबिया र ट्युनिसियाको अन्तर्राष्ट्रिय जलक्षेत्रबाट उनीहरूको उद्धार गरेको जनाउँदै गत बिहीवार मध्य भूमध्यसागरमा तीनवटा डुङ्गा परिचालन गरेर २३ देशका २७२ जनाको ज्यान बचाएको बताएको छ।

उक्त जलक्षेत्र आप्रवासीहरूका लागि विश्वको सबैभन्दा खतरनाक सामुद्रिक मार्ग हो। उद्धार गरिएकामध्ये ३२ जना नाबालिग, नौजना बालबालिका र पाँचजना अपाङ्गता भएका व्यक्ति थिए। हिजो शुक्रवार पनि थप १६६ जनाको उद्धार गरिएको एसओएस मेडिटरेनीले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय आप्रवासन निकाय इन्टरनेशनल अर्गनाइजेशन फर माइग्रेसनका अनुसार यस वर्ष मध्य भूमध्यसागर पार गर्ने प्रयासमा कम्तीमा दुई हजार १३ जनाको मृत्यु भएको छ। गत जूनमा पश्चिमी भूमध्यसागरमा एउटा डुङ्गा डुब्दा ८२ जनाको इहलीला समाप्त भएको थियो। अघिल्लो वर्ष युरोपमा सहज जीवनयापन गर्ने सपना साकार पार्न हिंडेका एक हजार ४१७ जना आप्रवासीले ज्यान गुमाएका थिए। रासस

# कोरियाली प्रायद्वीप समस्या समाधानमा जोड

संयुक्त राष्ट्रसङ्घ, ९ भदौ/सिन्हवा

चीनले कोरियाली प्रायद्वीप समस्या समाधानमा जोड दिएको छ। संयुक्त राष्ट्रसङ्घका लागि चीनका उपस्थायी प्रतिनिधि गेङ श्वाङले राष्ट्रसङ्घीय सुरक्षा परिषद्को शुक्रवारको बैठकमा उनले उक्त कुरामा जोड दिएका हुन्।

कोरियाली प्रायद्वीप समस्या समाधान प्रमुख राष्ट्रहरूबीचको सुदृढ सम्बन्ध र स्थिर क्षेत्रीय वातावरणमा निर्भर रहेको बताउँदै चिनियाँ कूटनीतिज्ञले ती देशले नै उपयुक्त वातावरण बनाउनुपर्नेमा जोड दिए। प्रायद्वीपको विषयलाई लिएर प्रमुख क्षेत्रीय देशले सामान्यतया स्थिर र सहयोगी सम्बन्ध राखेमा कूटनीतिक प्रयास प्रभावकारी हुन सक्ने उनले बताए।

उपप्रमुख गेङले हालैका वर्षहरूमा केही देशले प्रायद्वीपको मुद्दालाई जानाजानी तनाव सिर्जना गर्ने, हिन्द–प्रशान्त रणनीतिमा प्रायद्वीपलाई समावेश गर्ने, गठबन्धन र साझेदारीलाई बलियो बनाउन र यस क्षेत्रमा आफ्नो सैन्य उपस्थिति उल्लेखनीयरूपमा बढाउने प्रयास भइरहेको यथार्थ बताए।

शीतयुद्धको मानसिकतायुक्त त्यस्ता अभ्यासले टकराव बढाउने र देशहरूबीचको आपसी विश्वासलाई कमजोर पार्ने उल्लेख गर्दै उनले आफ्नै भूराजनीतिक स्वार्थ पूरा गर्नेबाहेक प्रायद्वीपमा शान्ति र स्थायित्व कायम नहुने बताए। "पछिल्ला गतिविधिबाट निशशस्त्रीकरणलाई अगाडि बढाउने लक्ष्यमा तुषारापात भएको छ," अमेरिका, जापान र दक्षिण कोरियाको नाम उल्लेख नगरी उनले भने।

वार्ताको माध्यमबाटै प्रायद्वीपलाई समस्याबाट मुक्त गर्न सकिने विचार व्यक्त गर्दै उनले त्यहाँ तनाव कम गर्न र राजनीतिक समाधानलाई बढावा दिन सुरक्षा परिषद्ले रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

कोरियाली प्रायद्वीपका समस्या समाधानका निम्ति चीन, रूस र अन्य देशले प्रस्तुत गरेका उचित प्रस्तावलाई केही देशले बेवास्ता गरेका तथा प्रतिबन्ध र दबाबबाटै निकास निस्कन्छ भन्ने लघु सोचप्रति उनले दुःख व्यक्त गरे। रासस

# मदुरै रेलमा आगलागी, नौजना तीर्थयात्रीको मृत्यु

मदुरै (तमिलनाडु), ९ भदौ/एएनआई

शनिवार बिहान मदुरै रेलवे स्टेशननजीकै रोकेर राखिएको रेलको डिब्बाभित्र आगलागी हुँदा उत्तर प्रदेशबाट यात्रा गरिरहेका नौजना तीर्थयात्रीको मृत्यु भएको छ भने ५० भन्दा बढी घाइते भएका छन्।

पुनालुर–मदुरै एक्सप्रेसले लखनउबाट ल्याएको उक्त डिब्बामा आज बिहान आगलागी भएको पुष्टि गर्दै दक्षिणी रेलवेले प्रत्येक मृतकका आफन्तलाई रु १० लाख अनुदान दिने घोषणा गरेको छ। अवैधरूपमा तस्करी गरिएको ग्याँस छ।


मदुरै रेलवे स्टेशनमा रेलको डिब्बामा आगलागी हुँदै। तस्वीरः एजेन्सी

सिलिन्डर रेलको डिब्बामा राखिएको र सोही विष्फोट हुँदा उक्त हताहती भएको रेलवेले एक विज्ञप्ति निकालेर बताएको

कफी बनाउन ग्याँस चुलो बाल्ने प्रयास गर्दा सिलिन्डर विष्फोट भएको उल्लेख गर्दै विज्ञप्तिमा ५५ जनालाई उद्धार गरिएको र नौवटा शव बरामद गरिएका जनाइएको छ। दुर्घटनास्थलमा उद्धार जारी छ। दक्षिणी रेलवेका मुख्य जनसम्पर्क अधिकारी बी गुगनेसनले रेलको डिब्बाभित्र यात्रीले गैरकानूनीरूपमा ग्याँस सिलिन्डर राखेर भान्सासमेत सञ्चालन गर्दा दुर्घटना भएको बताएका छन्। जुनसुकै यात्रीले रेलका डिब्बा आवश्यक दस्तुत तिरेर यात्रा गर्न सक्ने तर कुनै पनि प्रज्वलनशील पदार्थ ल्याउन नपाइने कानूनी व्यवस्था रहेको उनले स्पष्ट गरे। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुपराजय |
| सिंह – सुसमाचार | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – अतिथिआगमन |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# बेतनामा फेला पर्‍यो अति सङ्कटापन्न 'ब्लाक सफ्टसेल' कछुवा

बेलबारी (मोरङ), ९ भदौ/रासस

मोरङको बेलबारीस्थित बेतना सिमसारमा नयाँ जातको कछुवा फेला परेको छ। अति सङ्कटापन्न सूचीमा रहेको 'ब्लाक सफ्टसेल' नामक कछुवा दुई दर्जनभन्दा बढीको सङ्ख्यामा रहेको वैज्ञानिकको टोलीले पत्ता लगाएको छ।



"बेतना सिमसारमा धेरै वर्ष अघिदेखि पाउने गरिएको ती कछुवालाई मयूर प्वाँखे कछुवा भन्ने गरिन्थ्यो, तर त्यसको च्यापु हेरेपछि थाहा भयो यो नेपालको लागि नयाँ प्रजातिको कछुवा भनेर," वातावरण पत्रकार साथै प्राणीशास्त्रका उपप्राध्यापक रामचन्द्र अधिकारीले बताए।

सन् २०२२ मा आरको नेपालको सहयोगमा अस्ट्रियाका वैज्ञानिक डा पिटर प्रस्छाङको नेतृत्वमा गरिएको अनुसन्धानले मोरङको बेतना सिमसारमा ब्लाक सफ्टसेल (कालो नरम खपटे) प्रजातिको कछुवा फेला पारेको हो। जसको वैज्ञानिक नाम 'निलोस्सोनिया निगृकन्स' रहेको छ। उक्त अनुसन्धान टोलीका एक सदस्य तपिल प्रकाश राईका अनुसार उक्त कछुवा 'आइयुसिएन'मा अति सङ्कटापन्न प्रजातिको रूपमा सूचीकृत रहेको बताए। नरम स्वभावको, मानिससँग घुलमिल हुन रुचाउने उक्त कछुवा ७० देखि ८० किलोसम्मको हुने र बेतना सिमसारमा करीब दुई दर्जनको सङ्ख्यामा रहेको अनुसन्धान टोलीका सदस्य राईले जानकारी दिए।

भारत र बङ्गलादेशका केही स्थानमा मात्र भेटिने उक्त कछुवा झट्ट हेर्दा मयूर प्वाँखे कछुवासँग मिल्दोजुल्दो देखिन्छ तर फरक प्रजातिको रहेको राईले बताए। ठूला प्रजातिको संरक्षणमा सरकारले चासो देखाए पनि कछुवाका लागि भने ध्यान नदिएको अनुसन्धानकर्ताहरू बताउँछन्। सरकारीस्तरबाटै यो प्रजाति संरक्षणका लागि चासो हुनुपर्ने उनीहरूको माग रहेको छ। हालसम्म नेपालमा कछुवाका १७ प्रजाति र दुई उपप्रजाति

(बाँकी अन्तिम पातामा)

**द्वन्द्वको ...**

जनयुद्धपश्चात् शान्तिमा सङ्क्रमण गर्दैछ। शान्ति प्रक्रियाले पूर्णता पाउँदै गर्दा संविधानसभाबाट नयाँ संविधान पनि प्राप्त भएको छ। जो द्वन्द्वमा उठेको एक मुख्य राजनीतिक माग थियो। राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, संविधानसभाको स्थापना, समावेशिता, समानुपातिक प्रतिनिधित्व, सामाजिक न्यायसहितको प्रजातन्त्रलगायतका विषयहरू तत्कालीन द्वन्द्वरत पक्षले उठाएका माग र एजेन्डाहरू थिए। यसको लागि करीब १७ हजार नेपालीले ज्यान गुमाए। हजारौं घाइते अपाङ्ग भए भने हजारौंको सङ्ख्यामा अझै पनि बेपत्ताका अवस्थामा छन्। लाखौं मानिस द्वन्द्वको प्रक्रियामा यातनापीडित र प्रभावित भए।

अहिले शान्ति प्रक्रियाले पूर्णता पाउँदै गर्दा ती ज्यान गुमाउनेका परिवार, बेपत्ता नागरिकका परिवार, घाइते, अपाङ्ग, यातनापीडित र प्रभावित सबैको व्यवस्थापन हुन जरुरी छ। उनीहरूको उचित सम्बोधन हुनु जरुरी छ। त्यसो नहुँदा फेरि पनि द्वन्द्व बल्झन सक्ने खतरा हुन्छ। हामीले माथि नै चर्चा गरिसकेका छौं, द्वन्द्वको अन्त्य हुँदैन, यसको रूप परिवर्तन हुन्छ। किनभने द्वन्द्व समाजकै प्रवृत्ति हो। समाज रहेसम्म द्वन्द्व पनि रहन्छ नै। मात्रै फरक यति हो कि एकै रूपको द्वन्द्व सधैं रहिरहँदैन र रहनु पनि हुँदैन।

द्वन्द्वको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा विभिन्न मतहरू रहेका छन्। विश्वमा देखा परेका विभिन्न द्वन्द्वको व्यवस्थापन आआफ्नै ढङ्गले भएका दृष्टान्तहरू पनि छन्। संयुक्त राष्ट्रसङ्घ विश्वभरका द्वन्द्व व्यवस्थापनमा भूमिका निर्वाह गरिरहेको एक साझा संस्था हो। यसको एक सदस्य राष्ट्र नेपाल पनि हो। विभिन्न कालखण्डमा विभिन्न मुलुकमा भएका द्वन्द्वहरूलाई विशेषतः शान्तिपूर्ण वार्ताको माध्यमबाट नै हल भएको छ। कतिपय अवस्थामा बल प्रयोग गरेर पनि हल गर्ने गरिएको छ।

अमेरिकाले विभिन्न मुलुकमा भएका आन्तरिक द्वन्द्वहरूमा पनि अनावश्यक बल प्रयोग गरेको भनेर आलोचना पनि हुने गरेको छ। जस्तो अफगानिस्तान, इराक, सिरिया, क्युबा, भियतनामलगायतका देशहरूमा। त्यसैगरी, कतिपय देशहरूमा वार्ता विफल भएपछि आक्रमणको माध्यमबाट पनि द्वन्द्वको अन्त्य गरिएको छ जस्तो श्रीलङ्का। श्रीलङ्कामा प्रमुख विपक्षी नेता प्रभाकरणलगायतको टीमलाई मारेरै द्वन्द्वको अन्त्य गरियो भने इराकमा पनि सद्दाम हुसैनलाई मारेरै छाडियो। तर हिंसाको माध्यमबाट अन्त्य भएका द्वन्द्वहरूको पुनः उठान हुने सम्भावना रहन्छ।

द्वन्द्व जसरी समाधान गरिए पनि द्वन्द्वमा पीडित भएकाहरूको व्यावहारिक रूपको व्यवस्थापन दिगो शान्ति स्थापनाको अनिवार्य शर्त हो। व्यावहारिक व्यवस्थापन भनेको पीडित परिवारको लागि राहत, रोजगार र भरणपोषणसहित समाजमा पुनर्मिलन र पुनर्स्थापित गर्ने विषयहरू हुन्। मृत्यु भएकाहरूको सम्मान, उनीहरूलाई स्थापित गराउने र उनीहरूको परिवारलाई तत्काल राहतको साथै दीर्घकालीनरूपमा जीवनयापनको आधारहरू जस्तै निवृत्तिभरण र रोजगार प्रदान गर्नुपर्छ। त्यसैगरी, बेपत्ता भएकाहरूको हकमा उनीहरूको खोजी, स्थितिको सार्वजनिकीकरण, परिवारलाई तत्कालको लागि राहत र दीर्घकालको लागि जीवनयापनको माध्यम रोजगार र निवृत्तिभरण उपलब्ध गराउनुपर्छ। त्यसैगरी, घाइते अपाङ्गको हकमा उचित औषधोपचारको व्यवस्था गर्नुका साथै अपाङ्गको प्रकृति हेरी हेरालु र जीवनयापनको लागि भत्ता, निवृत्तिभरण र रोजगार उपलब्ध गराउनुपर्छ। यातनापीडितको हकमा उसलाई तत्काल केही राहत रकम उपलब्ध गराइनुका साथै उसमा विद्यमान यातनाको प्रकृति अध्ययन गरी उपचार र परामर्श उपलब्ध गराउनुपर्छ।

पीडितहरूका बालबच्चाहरूलाई राज्यले निश्शुल्क पढ्न पाउने पूर्ण व्यवस्था गर्नुपर्छ। त्यसैगरी, सबै प्रकृतिका कमजोरी र अपराधहरूको छानबीन गरी पीडक र दोषीलाई दण्डको भागीदार बनाउनुपर्छ। घटनाको न्यायिक छानबीन गर्न अधिकारसम्पन्न न्यायिक आयोग निर्माण गरी सकेसम्म छोटो समयमैं छानबीन गरी प्रक्रिया टुङ्ग्याउनुपर्छ। गलती वा अपराध जसले गरे पनि दण्ड सजायको भागीदार हुन्छ भन्ने मान्यता स्थापित हुन नसक्दा द्वन्द्वको पूर्णरूपमा अन्त्य हुन सक्दैन। भएपनि अस्थायी प्रकृतिको हुने र पुनः त्यसको प्रादुर्भाव हुने खतरा रहिरहन्छ। त्यसैले द्वन्द्वको कारण पत्ता लगाइ त्यसका मुख्य कारणहरूलाई निमिटचान्न पार्न सक्नु नै द्वन्द्वको कुशल समाधान हुन सक्छ।

नेपालको सन्दर्भमा कुरा गर्दा तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी)ले शान्ति प्रक्रिया अवलम्बन गरेदेखि नै मूलधार शान्तिमा आए पनि केही शाखा र प्रशाखाहरू असन्तुष्टि व्यक्त गर्दै पुनः द्वन्द्वको मार्गमा अग्रसर भइरहेका छन् भने माथि उल्लेख गरिएका द्वन्द्वका मुख्य कारणहरूको खोजी गरी त्यसलाई समाधान गर्न ढिलाइ भइसकेको छ। हुनत बेपत्ता नागरिक खोजबीन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगहरू निर्माण भएका छन् तर तिनको क्षेत्राधिकार र कार्यशैलीबारेमा केही सन्देहहरू छन्। ती आयोगले रिपोर्ट मात्रै बुझाउने हो भने पुरानै विभिन्न आयोगभन्दा तात्त्विक फरक हुन सक्नेछैन।

द्वन्द्वपीडितहरूलाई स्वरोजगारमूलक तालीमहरू उपलब्ध गराउने र विभिन्न आयमूलक उद्यमहरू सञ्चालन गर्न औजार र विनाधितो ऋण प्रदान गर्ने, सहयोग दिने गरेमा पनि पीडितहरूले आफ्नो पीडा भुल्ने र समाजसँग सहजतापूर्वक भिज्ने मौका पाउँछन्। पीडितहरूलाई उमेर, स्तर, रुचि र क्षमता अनुरूपका कामहरूमा अभ्यस्त गराएर उत्पादनमा जोड्न सकियो भने अन्य रोजगार सिर्जना हुने र पीडितहरूको पनि क्षमता अभिवृद्धि हुन गई समाजमा ठूलो टेवा पुग्छ।

बालबालिकाहरू र महिला तथा वृद्धवृद्धाहरूलाई विशेष हेरचाह र संरक्षण केन्द्रहरू निर्माण गर्नु जरुरी हुन्छ। राज्यका हरेक निकायहरूमा निश्चित समयावधिसम्म द्वन्द्वका पीडित र प्रभावितहरूलाई आरक्षणको व्यवस्था गरी सुविधा र अवसर प्रदान गरिनुपर्छ। त्यसैगरी, पीडितहरूलाई पहिचान र वर्गीकरण गरी यातायात, शिक्षा, स्वास्थ्य, मनोरञ्जनका क्षेत्र र सेवाहरूमा विशेष छुटको व्यवस्था गरिनुपर्छ। त्यसको लागि पीडितहरूलाई पहिचान प्रस्ट खुल्ने गरी राज्यले परिचयपत्रको व्यवस्था गरिदिनुपर्छ। सम्मानपत्र र परिचयपत्र पीडितहरूको अधिकार र गौरव हो भन्ने कुरालाई दह्रो गरी स्थापित गर्न सक्नु पनि द्वन्द्व व्यवस्थापनको एक मुख्य पक्ष हो।

त्यसैले द्वन्द्व व्यवस्थापनमा राज्य मात्रै नभई नागरिक समाज र समाजका हरेक व्यक्तिको उत्तिकै भूमिका हुन आउँछ। पीडितहरूलाई समाजमा तिरस्कार होइन, सम्मान र हौसला प्रदान गर्न सक्नुपर्छ। समाज सबैको हो, समाज सबैका लागि हो भन्ने मान्यताको विकास गरेर मात्रै सबै प्रकारका द्वन्द्वलाई पूर्णरूपमा शान्तिमा रूपान्तरण गर्न सकिन्छ। (लेखक प्रेस सेन्टर नेपालका महासचिव हुन्/रासस)

